बैठक संख्याः १८

मितिः२०८१/११/०५

समयःदिउसोः ११:०० बजे

सिंजा गाउँपालिका नराकोट, जुम्ला

उपरोक्त मिति, समय र स्थानमा सिंजा गाउँपालिकाका अध्यक्ष श्री पूर्ण प्रसाद धिताल ज्यू को अध्यक्षतामा तपसिलमा उल्लेखित कार्यपालिका सदस्यहरुको समेत उपस्थितिमा बसेको बैठक देहाय बमोजिम निर्णय गरियो

तपसिल

| सि.नं. | दर्जा | नामथर | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १ | अध्यक्ष | पूर्ण प्रसाद धिताल | | |
| २ | उपाध्यक्ष | सितली रोकाया | | |
| ३ | वडा नं.१ अध्यक्ष | हरिन्द आचार्य | | |
| ४ | वडा नं.२ अध्यक्ष | तिर्थ वड | | |
| ५ | वडा नं.३ अध्यक्ष | सुरथ बहादुर रावत | | |
| ६ | वडा नं.४ अध्यक्ष | रन्जित बुढा | | |
| ७ | वडा नं.५ अध्यक्ष | कृष्ण बहादुर रोकाया | | |
| ८ | वडा नं.६ अध्यक्ष | लाल बहादुर बुढा | | |
| ९ | कार्यपालिका सदस्य | राजपुरा दमाई | | |
| १० | कार्यपालिका सदस्य | रुपकेउडा विष्ट | | |
| ११ | कार्यपालिका सदस्य | दन्ता कामी | | |
| १२ | कार्यपालिका सदस्य | मागी वड | | |
| १३ | कार्यपालिका सदस्य | हरिचन्द्र सार्की | | |
| १४ | कार्यपालिका सदस्य | मोती दमाई | | |
| १५ | प्रमुख प्रशासकीय अधिकृत सदस्य सचिव | टेक बहादुर शाही | | |

निर्णय नं.१. सिंजा गाउँपालिकाको जनताको मुख्य पेशा पशुपालन (विशेष गरि भेडापालन) भएको र पशुपालनको लागि अत्यन्त राम्रो सम्भावना भएको हुदा यस गाउँपालिकामा पशुजन्य उत्पादन तथा उत्पादकत्व बृद्ध गरि आयमुलक बनाउन तथा पशु स्वास्थ्य सेवा प्रभावकारी बनाउन आवश्यक रहेको छ । तसर्थ आगामी आ.व.२०८२/०८३ मा कृषि तथा पशुपन्छी विकास मन्त्रालय,पशु सेवा विभागबाट स्थानीय तहमा हस्तान्तरण हुने सशर्त अनुदान कार्यक्रम अत्यन्त आवश्यक रहेकाले हस्तान्तरिक कार्यक्रम पूर्ण रुपमा प्रभावकारी ढंगबाट संचालन गरिने प्रतिबद्धताका साथ यस सिंजा गाउँपालिकालाई अत्यन्त आवश्यक तपशिल बमोजिमका कार्यक्रम माग गर्ने निर्ण गरियो ।

तपशिल

१. उनको लागि भेडा प्रवर्दन कार्यक्रम
२. पशुपन्छी रोग अन्वेषणका लागि आधारभूत प्रयोगशाला कार्यक्रम
३. भेडा स्रोत केन्द्र कार्यक्रम
४. खर्क सुधार कार्यक्रम
५. कृतिम गर्भाधान मिसन कार्यक्रम
६. महामारी/ आकस्मिक रोग नियन्त्रण कार्यक्रम
७. रेबिज रोग नियन्त्रण कार्यक्रम आदि

निर्णय नं.२. सिंजा गाउँपालिका बसोबास गर्ने युवाहरुलाई स्वरोजगार गराइ स्थानीय स्तरमा रोगजगारीको सृजना गर्न कर्णाली प्रदेशको परम्परागत खाद्यबालीमा परिकार र अतिथी देवो भवः संस्कृतिको निरन्तरतालाई आधुनिक प्रविधि र आवश्यकताको आधारमा विकसित गर्न र कर्णालीमा रहेका ऐतिहासिक तथा पर्यटकिय क्षेत्रहरुमा [illegible] गर्न आउने अतिथिहरुको सेवा सत्कारमा स्थानीय युवाहरुको अभिरुची बृद्धि गर्नका लागि हस्पिटालिटी व्यवस्थापन सम्बन्धि छोटो अवधिको तालिम संचालनका लागि कुलिनरी द हस्पिटालिटी सेन्टर विरेन्द्रनगर ४ सुर्खेतलाई स्कूल सञ्चालनका लागि अनुमती प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं.३. वडा नं. ३ को प्रधानमन्त्री रोजगार कार्यक्रमको शिर्षकबाट छर्नोट भएका योजना साविकको गाँडेदह देखि लुछुसम्म सिचाई कुलो रहेकोमा हाल गाँडेदह देखि अधिकार सम्मको सिंचाई कुलोको नाम कायम गर्ने निर्णय गरियो ।

निर्णय नं. ४. सबैका लागि दिगो खानेपानी तथा सरसफाई स्वच्छता परियोजना (SUSWA) मा करार सेवामा कार्यरत खानेपानी उपभोक्ता सहजकर्ता श्री दल बहादुर वडको मिति २०८१/१०/०१ देखि २०८१ चैत्र मसान्त सम्मको करार सम्झौताको म्याद थप गर्ने निर्णय गरियो ।

निर्णय नं.५ सिंजा गाउँपालिकाको वडा नं.२ को विस्टवाडामा रहेको आधारभूत स्वास्थ्य केन्द्र घेरवारका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालय रामशाहपथ काठमाडौमा अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ६ यस कार्यलयको मिति २०८१/१०/२४ मा प्रकाशित सार्वजनिक सूचना अनुसार यस कार्यालयमा तपशिल बमोजिमका घरधनीहरुको विवरण पेश भएको देखियो

तपशिल:

१. घरधनी श्री ~~धन बहादुर सऊत~~ मतजिते राता मासिक रु ~~८५००/-~~ 5000/-

२. घरधनी श्री देविकन्या चौलागाई मासिक रु ८४००/-

३. घरधनी श्री संजिव रावल मासिक रु ७५००/-

निर्णय नं. ७ निर्णय नं. ६मा पेश भएका घरधनीहरुको घटाघटको प्रक्रिया अनुसार सबै भन्दा कम दररेट सिंजा गाउँपालिका वड नं. ३ स्थित घरधनी श्री संजिव रावलको दररेट कम भएकाले निजको घरको कोठा भाडामा लिने निर्णय गरियो ।

निर्णय नं.८ सिंजा गाउँपालिकाको १३ औ गाउँ सभाबाट स्वीकृत कार्यक्रम अनुसार गाउँ सभाका सम्पुर्ण सदस्यहरुको अवलोकन भ्रमण गर्नका लागि यस कार्यालय स्वास्थ्य शाखा प्रमुख श्री ललितजंङ्ग रोकायालाई विनियोजन बजेटबाट पेश्की उपलब्ध गराउने र मिति २०८१ साल फाल्गुन १० गने सिंजा गाउँपालिकाबाट जाने निर्णय गरियो ।

निर्णय नं. ९ सिंजा गाउँपालिकाको हेभीसवारी चालक श्री अर्जुन रानाको कार्य सम्पादन सन्तोषजनक नभएकाले मिति २०८१/११/०५ देखि लागु हुने गरी करार सम्झौता नगर्ने निर्णय गरियो ।

निर्णय नं.१० आ.व. २०८१/०८२ सालको सिंजा गाउँपालिकाको विनियोजित बजेटबाट नराकोट स्वास्थ्य चौकीलाई १ थान 'ख' वर्गको एम्बुलेन्स खदिर गर्ने जसको लागि भन्सार छुटको लागि जिल्ला एम्बुलेस व्यवस्थापन समिति,प्रदेश एम्बुलेन्स व्यवस्थापन समिति र स्वास्थ तथा जनसंख्या मन्त्रालय (राष्ट्रिय एम्बुलेन्स व्यवस्थापन समिति) संग अनुरोध गर्ने साथै 'ख' वर्गको एम्बुलेन्सको लागि नेपालगंञ्ज बाँके मा रहेको Heavy Equipment Division कार्यालयलाई प्राविधिक स्पेशिफिकेश्न तथा लागत इस्टिमेटको लागि अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ११ सिंजा गाउँपालिकाको कार्यालयमा मिति २०८१/११/०४ गते पेश भएका तपसिलमा उल्लेखित योजनाहरु सम्बन्धमा व्यापक छलफल गर्दा आगामि आ.व.को बार्षिक कार्यक्रममा प्राविधिक लागत अनुमान बमोजिम समावेश गर्ने गरी कार्य सञ्चालनको लागि आदेश दिने निर्णय गरियो ।

क. वडा नं. २ घडेरी ज्यूला ट्याङ्कि निर्माण

ख. वडा नं. २ अगस्तवा्डा पाइप खरिद

ग. वडा नं. ट जोडु पाइप खरिद

निर्णय नं. १२ सिंजा गाउँपालिकाको चालु आ.व. ०८१/०८२ को पौष र माघ महिनाको आय व्ययको विरण कार्यपालिको बैठकमा व्यापक छलफला गरी कार्यालयको Website र सुचना पार्टीकम प्रकाशन गर्ने निर्णय गरियो ।

पौष महिनाको आम्दानीः ८२८१३९११.७९

क. चालु तर्फः खर्चः-४०६३५३२०/-

ख. पुजीगत तर्फ खर्चः-३९७०७७९.८८/-

माघ महिनाको आम्दानीः१०९४३६८४.७२/-

क. चालु तर्फः खर्चः-६७९८७८५.९०/-

ख. पुजीगत तर्फ खर्चः-८००२७५/-